नेपाल सरकार
# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या:-
च. नं.:-

## प्रेस विज्ञप्ती

एशियाली पूर्वाधार लगानी बैंकको तेस्रो वार्षिक बैठक यहि जुन २५ र २६ जुन सम्म भारतको मुम्बईमा सम्पन्न भयो। बैंकका ८६ सदस्य राष्ट्र मध्येबाट सम्बन्धित देशका लागि बैंकका गभर्नर,अर्थमन्त्री एवं सचिवहरुको सहभागिता रहेको यो बैठक भारतका प्रधानमन्त्री नरेन्द्र मोदिले समुदघाटन गर्नुभयो।

कार्यक्रम अवधिमा पूर्वाधार विकास सम्बन्धी विभिन्न Thematic विषयमा समूहगत छलफल पनि भएको छ। उक्त कार्यक्रममा वक्ताहरुले एशियाको द्रुत आर्थिक विकासको लागि पूर्वाधारमा गर्नुपर्ने ठूलो लगानी जुटाउन सजिलो नभएको र यसका लागि सरकारी, निजी क्षेत्रको लगानीका साथै एशियाली पूर्वाधार विकास लगानी बैंक जस्ता बहुपक्षीय लगानी बैंकहरुको पनि उत्तिकै साथ रहनु पर्ने विषयमा छलफल भयो। सरकारी र निजी क्षेत्रले लगानी गरेर मात्रै नहुने तर धेरै सृजनात्मक तरिकाले लगानी गर्नु पर्ने विषयमा समेत विशेषज्ञ वक्तहारुले धारणा राख्नु भयो। बैंकका अध्यक्ष लगायत भारतका अर्थमन्त्री पियुष गोयलले पनि आफ्ना धारणाहरु राख्नु भयो। Governor's Business Roundtable मा.अर्थमन्त्री युवराज खतिवडाले Sustainable Cities विषय केन्द्रित बैठकमा विशेष वक्ताकोरुपमा भाग लिनु भयो। यस कार्यक्रममा बोल्दै उहाँले शहरीकरणलाई पाँच किसिमका दृष्टिकोणबाट हेरिनुपर्ने बताउनु भयो ।सहरको विकास एक प्रकृया भएको र यसलाई रोक्न नहुने बरु बढी ब्यवस्थित गरिनुपर्ने, शहर र गाउँमा हुने असमान अवसरका कारणले गर्दा बसाई सराई भइरहनेसाथै आधारभुत आवश्कताका सुविधा प्रयोग गर्न पनि गाउँबाट शहरमा बसाइसराई हुनेकुरा बताउनुभयो। हामी पूर्वाधार विकासका अतिरिक्त कसरी जमिन प्रयोगको नीति बनाउँछौं, कसरी जनसंख्या एकिकृत गर्छौं, स्याटेलाइट सिटिहरु कसरी ब्यवस्थित गर्छौं, साँस्कृतिक ,पुरातात्विकर यसप्रति रहेका आस्थाका विषयलाई कसरी सम्बोधन गर्छौं, आर्थिक विकास कसरी गर्दछौं भन्ने विषयले शहरीकरण कस्तो हुने भन्ने निर्धारण हुने वताउनु भयो।

यस अघि मा. अर्थमन्त्रीले बैंकका अध्यक्ष Jin Liqun सँग द्विपक्षीय भेट गर्नु भयो । भेटका अवसरमा उहाँले नेपालमा स्थिर सरकार रहेको र जनताको पूर्वाधार विकासको आकांक्षालाई समेटने गरी दश वर्षमा दश हजार मेगावाट जलविद्युत उत्पादन गर्ने लक्ष्य रहेको बताउँदै माथिल्लो तामाकोशी (१०१ मेगावाट) मा करिब १५ अर्ब रुपैयाँ लगानी आवश्यक पर्ने भएकोले यस आयोजनामा सघाउन अनुरोध गर्नु भएको छ र जवाफमा बैंकका अध्यक्षले यस आयोजनामा लगानी गर्ने विषयमा अध्ययन गर्ने र सम्भाब्य भए यस आयोजनामा तुरुन्तै लगानी गर्ने आश्वासन दिनु भएकोछ। छलफलमा मा.अर्थमन्त्रीले नेपालमा रेलवे, द्रुतमार्गहरु, पर्यटकीय पूर्वाधार योजनाहरु,जलविद्युत जस्ता ठूला आयोजनाहरुमा लगानी गर्न बैंकमा छिट्टै प्रस्तावहरु पेश गर्ने जानकारी दिनुहुँदै ती आयोजनामा बैंकले लगानी गर्न अनुरोध गर्नुभयो। छलफलमा अध्यक्ष Liqun ले सम्माननीय प्रधानमन्त्रीसँग चीन भ्रमणको अवसरमा अघिल्लो हप्ता बेइजिङमा छलफल भएको र पूर्वाधारका क्षेत्रमा ठूलो

टेलिफोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.वि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०

लगानी आवश्यक रहेकोले सम्माननीय प्रधानमन्त्रीले पनि लगानीका लागि जोड दिनु भएको बताउनु भयो ।बैठकमा अर्थ मन्त्रालयका सचिव शिशिर कुमार ढुंगाना रअन्तर्राष्ट्रिय सहायता समन्वय महाशाखाका सहसचिव श्रीकृष्ण नेपालको समेत सहभागिता रहेको थियो।

वार्षिक बैठककै अवसरमा मध्य र पश्चिम नेपालको विद्युत वितरण प्रणाली सुधार गर्ने उद्धेश्यले आयोजना प्रस्ताव तयार गर्ने प्रयोजनको लागि एक मिलियन डलर बराबरको अनुदान प्राबिधिक सहायता सम्झौतामा हस्ताक्षर भएको छ। सम्झौतामा नेपाल सरकारको तर्फबाट अर्थ मन्त्रालय, अन्तर्राष्ट्रिय आर्थिक सहायता समन्वय महाशाखाका सहसचिव श्रीकृष्ण नेपाल र बैंकका तर्फबाट उपाध्यक्ष Dr. Joachim von Amsberg ले हस्ताक्षर गर्नुभयो।

यस अवसरमा अर्थमन्त्रालयका सचिव श्री शिशिर कुमार ढुंगानाले बैंकमा उपाध्यक्ष डि.जे. पाण्डियनसँग भेट गर्नु भयो। उक्त बैठकमा पनि नेपालको पूर्वाधार क्षेत्र सडक, एयरपोर्ट, जलविद्युत क्षेत्रमै लगानीका लागि विशेष अनुरोध गर्नुभएकोमा बैंकका तर्फबाट धेरै सकारात्मक प्रतिकृया दिनुभएको छ। तामाकोशी ५ आयोजनामा बैकले लगानी गर्न सकारात्मक रहेको जानकारी उपाध्यक्ष्य पाण्डियनले दिनु भयो। सो अवसरमा सहसचिव नेपालले नेपालमा पुर्वाधार क्षेत्रमा ठुलो लगानी आवश्यक रहेको हुँदा सो को लागि बैंकको थप सहयोगको अपेक्षा रहेको बताउनुभयो। लगानीको लागि योजना विकास गरी वैंकमा लगानी प्रस्ताव गर्ने बिषयमा दुवै पक्षबीच छलफल भयो।

मितिः२०७५।०३।१३